# १० यरुशलेममा येशूका अन्तिम दिनहरू

**यस अध्यायका मूल पदहरूः** जकरिया ९:९, मत्ती २१:१-४६, रोमी ४:१३-१६, प्रकाश १४:७-१२, प्रेरित ६:७ र मत्ती २२:१-१५।

***यस अध्यायको सम्झनुपर्ने मूल सार पदः*** "४२ येशूले तिनीहरूलाई भन्नुभयो, "के तिमीहरूले कहिल्यै धर्मशास्त्रमा (बाइबल) पढ़ेनौ? 'जुन ढुङ्गालाई भवन निर्माण गर्नेहरूले रद्द गरे त्यहीचाहिँ कुनाको शिर-ढुङ्गो बन्यो, यो परमप्रभुबाट भएको थियो, अनि हाम्रो दृष्टिमा यो आश्चर्यमय छ।'" (रूपान्तरित)।

मत्ती २०:२७,२८मा येशूले भन्नुहुन्छ, "२७ जो तिमीहरूमध्ये पहिलो हुने इच्छा गर्दछ, त्यो तिमीहरूको सेवक हुनुपर्छ, २८ जसरी मानिसको पुत्र जस्तै होऊ। उनि पनि सेवा पाउनलाई होइन तर अरूलाई सेवा गर्न आएको हो। धेरैको छुटकाराको मोल स्वरूप आफ्नो प्राण दिन उनि आएको हो।" (रूपान्तरित)। **येशू जो सनातन परमेश्वर हुनुहुन्छ र साथै सबै थोक सृष्टि गर्नु भएको थियो, यस संसारमा सेवकको जीवन बिताउन आउनुभयो । उहाँ यस संसारदेखि बिचलित भएर हार खाएर हराइएकाहरूको, बिमारी र अभावग्रस्तहरूको आवश्यकताको सेवा गरिरहनुभएको थियो। तर धेरैले उहाँको धज्जी वा हँस्सी उडाएको थियो। तैपनि उहाँ सहनशील भएर नम्रताको पराकाष्टा बन्नुभयो। यथार्थमा भन्ने हो भने उहाँलाई हामी पूर्णरूपमा बुझ्न सक्दैनौं। सारा जगतका मालिक तथा सृष्टिकर्ता भएर पनि उहाँ मानिसहरूको सेवा गर्न सेवकको रूपमा आउन किन चाहनुभयो त्यो पनि हामीहरूको मगजले बुझ्न सक्दैनौं। तर उहाँको आश्चर्यचकित पार्ने काम झन गहिरो हुन गएको थियो। सनातन परमेश्वर यस संसारमा आउनुको मूल लक्ष्य अब पूरा हुन लागेको थियोः "धेरै मानिसहरूलाई मुक्त गर्न उहाँले आफ्नो प्राणद्वारा मोल तिर्न आउनुभएको थियो।" (मर्कूस १०:४५ रूपान्तरित)। नम्र भएर उहाँले गर्नुभएको त्याग रहस्यमय तरिकाले अन्त हुन्छ जुन् स्वर्गदूतहरूले पनि हेर्न चाहेका थिए (१ पत्रुस १:१२)। त्यो अन्तको थलो क्रुस थियो।**

**यस अध्यायमा येशू यरुशलेममा आउँदा घटेका अन्तिम केही प्रमूख घट्नाहरू र उहाँका शिक्षाहरूलाई नियाल्नेछौं। उहाँ यस संसारको कुनै चक्रवर्ती राजा भएर श्रीपेच लगाउन आउनुभएको थिएन। तर उहाँ हाम्रो निम्ति पाप**

हुनुभयो ताकि उहाँमा परमेश्वरको सामु हामी धर्मी ठहरिउन् (२ कोरन्थी ५:२१)।

## १. उहाँले सामना गर्ने घट्नाको भविष्यवाणी अघि नै भएको (हग्गै २:६-९)

७० वर्षसम्म बेबिलोन (आधुनिक इराक)मा दासत्वको जीवन बिताएपछि यहूदीहरू यरुशलेममा फर्कन थालेका थिए। जिर्ण अवस्थामा भएको मन्दिर पुन निर्माण गर्न तिनीहरू जोशिलो भएका थिए। तर जब त्यस मन्दिरको जग बसाल्न थालिएको थियो त्यसबेला तिनीहरूले राजा सोलोमनले बनाएका सुन्दर र भव्य मन्दिर सम्झे र तिनीहरूले बनाउने मन्दिर त्यो जस्तो राम्रो नहुने महसुस गरेका थिए। राजा सोलोमनले बनाएको मन्दिरको तुलनामा आफूहरूले बनाउने मन्दिर कमसल हुने भएकोले तिनीहरू डाँको छोडेर रोएका थिए (एज्रा ३:१२)।

त्यसबेला बयोबृद्ध अगमवक्ता हग्गै र युवा अगमवक्ता जकरिया तिनीहरूको माझमा उभिएर हौशला दिँदा ती यहूदीहरू छक्क परेका थिए। परमेश्वरको मन्दिर पुननिर्माणको निम्ति कसैले हृदयलाई छुने गरेर उत्साह दिन्छ भनेर तिनीहरूले अपेक्षा गरेका थिएनन्। हग्गैले मानिसहरूलाई यसरी सम्झाए कि सोलोमनले बनाएको मन्दिरको सौन्दर्यता र सही महिमा सोलोमन वा कसैबाट ल्याएको होइन। राजा सोलोमनले बनाएकोले त्यो मन्दिर अत्यन्त पवित्र र महिमित हुन आएको होइन बरू त्यो परमेश्वरको मन्दिर भएको कारणले हो भनेर उनले मानिसहरूलाई सम्झाएका थिए। हग्गैले यो घोषणा गर्दछन्, "६ "सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छ, 'अब थोरै बेरपछि म फेरि आकाशहरू र पृथ्वीलाई एक फेरा फेरि हल्लाउनेछु। पृथ्वी, समुद्र र सुक्खा जमिनलाई पनि हल्लाउनेछु। ७ म सबै राष्ट्रहरूलाई हल्लाउनेछु। तब तिनीहरू अमूल्य ठानेर मेरो मन्दिरमा आउनेछन्। म यस भवनलाई महिमाले परिपूर्ण पारिदिनेछु' भनी सबैमाथि शासन गर्ने सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ। ८ 'चाँदी मेरै हो, र सुन पनि मेरै हो' भनी परमप्रभु भन्नुहुन्छ। ९ 'यस नयाँ भवनको महिमा अघिको भन्दा अझ बढि सुन्दर हुनेछ' भनी सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ। 'अनि यस ठाउँमा म शान्ति प्रदान गर्नेछु,' सर्वशक्तिमान् परमप्रभु घोषणा गर्नुहुन्छ।" (हग्गै २:६-९ रूपान्तरित)। जब युवा जोशले प्रेरित भएको युवक जकरियाले बोले मानिसहरू झन उत्साहित भएका थिए: "९ हे सियोनको शहर आनन्दले भरिपूर होऊ। हे यरूशलेमका जनहरू, जोरसित कराऊ! हेर, तिम्रा राजा तिमीकहाँ आउँदैहुनुहुन्छ। उहाँले जहिले पनि जे ठिक छ सोही

**गर्नुहुन्छ। उहाँमा उद्धार गर्ने शक्ति छ। उहाँ भलादमी हुनुहुन्छ, र गधामाथि चढिरहनुभएको छ। उहाँ गधाको बच्चा एउटा बछेड़ामाथि सवार भएर आउँदैहुनुहुन्छ।" (जकरिया ९:९ रूपान्तरित)।**

ती भविष्यवक्ताहरूले गरेका अचम्मका भविष्यवाणीहरू जब येशू यरुशलेममा जुन रुपमा पस्नुभयो तिनीहरूले उहाँलाई औंल्याएका थिए भनेर मत्ती २१:१-११ले कसरी बताउँछ? हेर्नुहोस्: "१ जब उहाँहरू यरूशलेमको नजिक जैतून डाँड़ाको बेथफागेमा आइपुग्नुभयो, तब येशूले दुई जना चेलाहरूलाई यसो भनेर पठाउनुभयो, २ "तिमीहरू सामुन्नेको गाउँमा जाओ। त्यहाँ पुग्ने बित्तिकै तिमीहरूले एउटा गधा र त्यसको बछेड़ो बाँधिएका भेट्टाउनेछौ। तिनलाई फुकाएर मकहाँ ल्याओ। ३ कसैले तिमीहरूलाई केही भन्यो भने, 'प्रभुलाई यिनको जरूरत छ' भन्नू र त्यसले तुरुन्तै ती पठाइदिनेछ।" ४ अगमवक्ताद्वारा बोलिएको वचन पूरा होस् भनेर यो भएको हो, ५ "सियोनकी छोरीलाई भन, हेर, तिम्रा राजा तिमीकहाँ आउँदैछन्, विनम्र भई गधामाथि सवार भएर, गधाको बच्चा, एउटा बछेड़ामाथि।" ६ तब चेलाहरू गए, र येशूले तिनीहरूलाई अह्राएबमोजिम गरे। ७ तिनीहरूले गधा र त्यसको बच्चा ल्याए, र तीमाथि आफ्ना लुगाफाटा ओछ्याए, र उहाँ त्यसमाथि बस्नुभयो। ८ भीड़मा धेरैले आफ्ना वस्त्र बाटोमा ओछ्याए, र अरूहरूले रूखका हाँगा काटेर बाटोमा बिछ्याइदिए। ९ उहाँको अगि र पछि लागेका भीड यसो भन्दै कराए, "दाऊदका पुत्रलाई होसन्ना! धन्य उहाँ, जो परमप्रभुको नाउँमा आउनुहुन्छ! परमधाममा होसन्ना!' १० जब उहाँ यरूशलेममा प्रवेश गर्नुभयो, सारा सहरमा हलचल मच्चियो। मानिसहरूले सोध्न लागे, "यिनी को हुन्?" ११ भीड़का मानिसहरूले जवाफ दिए, "यिनी गालीलको नासरतबाट आएका अगमवक्ता, येशू हुन्।"

**"यहूदी चलन अनुसार नै शहरमा शाही प्रवेश गर्दा अपनाएका चलन येशूले अपनाउनुभएको थियो। जुन खालको जनावरमाथि येशू चढ्नुभएको थियो त्यही खालका जनावरमाथि इस्राएलका राजाहरूले चढेका थिए। मसीह त्यसै गरि आफ्नो राज्यमा आउनुहुनेछ भनेर भविष्यवाणीमा उल्लेख गरेका थिए। बछेडामाथि येशू बस्नुभएको लगत्तै सारा भिड बिजयको उल्लासले चिच्याएको थियो। सारा भिडले येशूलाई मसीह, तिनीहरूको राजा भनेर जय जय गरेका थिए। पहिला कहिल्यै पनि ग्रहण नगरेको सम्मान अब येशूले ग्रहण गर्नुभएको थियो। येशू अब साही सिहाँसनमा बस्नुहुनेछ भन्ने चेलाहरूको हर्षपूर्ण आशाको**

प्रमाण चरितार्थभएको तिनीहरूले स्वीकारेका थिए। अब तिनीहरू रोमी दमनबाट छुट्कारा मिल्ने छ भनेर मानिसहरूका भिँडले बिश्वास गरेको थियो। रोमको सैनिकहरू यरुशलेमबाट धपाइएको र इस्राएल फेरि स्वतन्त्र राष्ट्र भएको ती मानिसहरूले कल्पना गरेका थिए।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज्, ५७०बाट रूपान्तरित।

बाइबलमा गरेको भविष्यवाणी पूरा भएको हामीले बारम्बार हेरेका छौँ। तर जब येशू यरुशलेममा प्रवेश गर्नुभयो त्यसबखत के भइरहेको थियो तत्कालिन मानिसहरूले बुझ्न सकेका थिएनन्। सत्यलाई आफ्नै तरिकाले बङ्ग्याउने मानिसहरूको प्रवृत्तिबाट हामीले के सिक्ने?

## २. यरुशलेमको मन्दिरमा येशू (मत्ती २१:१२-२७)

अदनको बँगैचामा मानिसहरूको पतन भएपछि तिनीहरू पापबाट मुक्त हुनु आवश्यकता थियो। पशुबलिहरूद्वारा परमेश्वरले सारा संसारलाई उहाँले तर्जुमा गर्नुभएको मुक्तिको योजना सिकाउनुभएको थियो। पशुहरूलाई बलि चढाउँदा मुक्ति पाउने होइन किनभने मुक्ति भनेको आउनेवाला मसीह तथा उद्धारकर्तामाथि विश्वास गरेर अनुग्रहबाट पाउने हो (रोमी ४:१३-१६)। पशुबलिहरूले मसीहको मृत्युलाई औँल्याउँथ्यो। त्यस सत्यताको ज्वलन्त उदाहरण उत्पत्ति ४मा पाइन्छ। कैयन र हाबेलले गरेको बलि पूजामा कैयनले फलफुल तथा सागपात चढाएका थिए भने हाबेलले पशुलाई चढाएका थिए। परमेश्वरले स्वर्गबाट आगो पठाउनुभएर हाबेलको बलिलाई स्वीकार गर्नुभएको थियो भने आगो नपठाएर कैयनको पूजालाई परमेश्वरले ग्रहण गर्नुभएको थिएन। त्यसको फलस्वरुप डाहाले भरिएर कैयनले हाबेललाई हत्या गरेका थिए। परमेश्वरको आस्थामा रहन अरूहरूको साथै उहाँको आराधना कसरी गर्नुपर्छ भनेर त्यस घट्नाले देखाउँदछ (प्रकाश १४:७-१२)। त्यसकारण जब परमेश्वरले आफूले चुन्नुभएको इस्राएली जनहरूलाई पुजारीहरूको राज्य र पवित्र राष्ट्र भनेर सम्बोधन गर्नुभएको थियो (प्रस्थान १९:६) तब त्यसलाई चरितार्थ गर्न पवित्र मन्दिर स्थापना गर्नुभएको थियो जहाँ पुजारीहरूले बिभिन्न सेवाकार्य गर्नुपर्थ्यो। पवित्र मन्दिरमा हुने सेवाकार्यले मुक्तिको योजनालाई अझ पूरा र स्पष्ट रूपमा व्याख्या गरिएको थियो। मरुभूमीमा खडा भएको पवित्र मन्दिररूपी पाल, सोलोमनले निर्माण गरेको भव्य मन्दिर र त्यसपछि बेबिलोनको युद्धबन्दीबाट फर्केर आएपछि यहूदीहरूले पुननिर्माण गरेको मन्दिरमा हुने सेवाकार्यमा चलाउने विधिहरू सुसमाचारको प्रतिक थिए भनेर देखाउँथ्यो।

**मन्दिरको योजना परमेश्वरले नै उपलब्ध गराउनुभएको थियो। त्यस मन्दिरको सेवाकार्य पतित मानिसहरूले नै चलाएका थिए। जब इतिहास अघि बढ्छ तब मन्दिरमा गरिने सेवाकार्यहरू झन झन बिटुलिन थालेको थियो। परमेश्वरको निर्देशन अनुसार त्यहाँ गरिएको सेवाकार्यहरूले यस पतित संसारलाई परमेश्वरको अनुग्रह र प्रेम देखाउनुपर्थ्यो। तर जब मन्दिरमा हुने सेवाकार्य येशूसम्म आइपुग्छ तब पुजारीको भ्रष्टता, लोभ र स्वार्थपनाले भयानक रूप लिन थालेको थियो। (ती यहूदीहरूलाई नै सेवाकार्यहरू पवित्र राख्न जिम्मा दिइएको थियो)। तर तिनीहरूको भ्रष्ट आचरणले गर्दा "मानिसहरूको आँखामा पशू तथा अन्य बलिको सेवाकार्यहरूको पवित्रतता गहिरो रूपमा नष्ट भएको थियो।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज्, पृ. ५९०बाट रूपान्तरित।**

हामी सत परमेश्वरको उपासक भनेर दावी गर्नेहरूको निम्ति मत्ती २१ः१२-१७ले के पाठ सिकाउँछ?, हेर्नुहोस् "१२ येशू परमेश्वरको मन्दिरमा प्रवेश गर्नुभयो। अनि उहाँले मन्दिरमा किनबेच गर्ने सबैलाई धपाउनुभयो, र पैसा साट्नेहरूका टेबिल, र परेवा बेच्नेहरूका आसन पल्टाइदिनुभयो। १३ उहाँले तिनीहरूलाई भन्नुभयो, "यो लेखिएको छ, 'मेरो घर प्रार्थनाको घर कहलाइनेछ।' तर तिमीहरूले यसलाई डाँकूहरूको अड्डा बनाएका छौ।" १४ अन्धा र लङ्गड़ाहरू मन्दिरमा उहाँकहाँ आए, र उहाँले तिनीहरूलाई निको पार्नुभयो। १५ तर जब मुख्य पूजाहारीहरू र शास्त्रीहरूले चाहिँ उहाँले गर्नुभएका अचम्मका काम देखे, र केटाकेटीहरूले मन्दिरमा "दाऊदका पुत्रलाई होसन्ना" भन्दै चिच्च्याएका सुने, तब तिनीहरू क्रोधित भए, १६ र तिनीहरूले उहाँलाई भने, "सुन्दैछौ, यिनीहरूले के भनिरहेका छन्?" तब येशूले तिनीहरूलाई भन्नुभयो, "हो, सुन्दैछु। के तिमीहरूले पढ़ेका छैनौ, 'शिशुहरू र दूधे-बालकहरूका ओठबाटतपाईंले पूर्ण प्रशंसा निकाल्नुभएको छ'?" १७ तब तिनीहरूलाई छोड़ेर उहाँ सहरबाट निस्की बेथानियामा गई त्यहाँ वास बस्नुभयो।"

**प्रभु येशूले आफ्नो चलन अनुसार आफ्नो कामको अनुमोदन गर्न बाइबललाई नै उदृध गरेर प्रमाणित गर्नुभएको थियो। यो उहाँले धेरै पल्ट गर्नुभएको थियो। हामी प्रभुको अनुयायी भएको हैशियतले हामीहरूले हेर्ने संसारलाई बाइबलबाट हेर्नुपर्छ र के ठिक छ के ठिक छैन भन्ने निर्धारण वा निर्णय बाइबलबाटै गर्नुपर्छ भनेर येशूले हामीहरूलाई देखाउनुभएको थियो भनेर स्वीकार गर्नुपर्छ। पुजारीहरूको चुनौतिलाई बाइबलबाटै सामना गरेपछि येशूले**

अन्धा र लङ्गडाहरूलाई निको पार्नुभएको थियो। ती सबैले उहाँको स्वभाव परमेश्वरको हो भनेर अझ बढि सबूद प्रमाण दिएको थियो। यो कस्तो दुःख लाग्दो कुरो हो कि जुनं मानिसहरूलाई येशूको बारेमा सबै प्रमाणहरू दिएतापपनि र उहाँप्रति अति संवेदनशील हुनुपर्ने भएतापनि तिनीहरू नै उहाँको बिरुद्धमा भिषण बिद्रोह गरेका थिए। पृथ्वीका धनसम्पत्ति, यश, मानमर्यादा हराउला भन्ने डरले त्रसित भएका र मन्दिरको संरक्षक र भन्डारे भन्ने ओहोदा समेतेका यहूदीहरू जब मन्दिरको सेवाकार्यले औंल्याएका मुक्ति दिने येशू आउनुभयो तब तिनीहरूले उहाँलाई चिनेनन् र उहाँलाई ध्वस्त गर्न खोजे। त्यसको फलस्वरुप तिनीहरू धेरैले मुक्तिको स्वाद पाउने छैनन् भनेर तिनीहरूको क्रियाकलापले देखाउँदछ।

येशूमा पाउने अनन्त जीवनलाई नगुमाउन यस संसारमा असलै भएतापनि आफ्नो इच्छा अनुसार संसारले दिने फाइदाहरूलाई उच्च प्राथमिकतामा नराख्न कसरी सजग हुने?

## ३. फल बिनाको रुख (मत्ती २१:१८-२२)

येशूले मन्दिरला सुध्द गर्नुभएको काम उहाँको दयाको नतिजा थियो। मन्दिरको अगाडि गैर-यहूदी वा अन्य जातिहरूको चोकहरूमा किनबेच हुन्थ्यो। येशूले आफ्नो पवित्र घर सारा मानिसहरूको निम्ति आराधना गर्ने र प्रार्थना गर्ने घर बनाउन चाहनुभएको थियो।

तर मन्दिरको शुद्धिकरण गर्नुभएको अर्थ न्यायको प्रकरण पनि थियो। जुन् पुजारीहरूले मन्दिरको सेवाकार्य गर्थ्यो तिनीहरूले सबै मानिसहरूलाई आशिष दिने अवसरलाई नाश पारेका थिए। तिनीहरूको न्यायको दिन नजिकिँदै थियो। आफू परमेश्वरबाट आउनुभएको हो भनेर येशूले संभव भएसम्म तिनीहरूको सामु हरेक प्रमाणद्वारा देखाउनुभएको थियो। तर ती मानिसहरूले उहाँलाई अझ ग्रहण गर्न अझ अस्वीकारेका थिए। त्यसकारण तिनीहरूले गरेका भयानक निर्णयहरूको नतिजा तिनीहरूमाथि नै कसरी थोपरिने त?

अञ्जिरको रूखलाई येशूले दिनुभएको श्रापसँग येशूले गर्नुभएको मन्दिरको शुद्धिकरणसँग कसरी सम्बन्ध छ? हेर्नुहोस्, मत्ती २१:१८-२२ "१८ बिहान सहरतिर फर्कनुहुँदा उहाँ भोकाउनुभयो। १९ बाटोको किनारमा उहाँले एउटा अञ्जीरको बोट देख्नुभयो। उहाँ त्यस बोटको छेउमा आउनुभयो, तर त्यसमा पातबाहेक अरू केही पाउनुभएन। तब उहाँले त्यसलाई भन्नुभयो, "अब उप्रान्त तँमा कहिल्यै फल नफलोस्" र त्यो अञ्जीरको रूख तुरुन्तै

ओइलाइहाल्यो। २० यो देखेर चेलाहरूले अचम्म मानेर भने, "यो अञ्जीरको बोट कसरी तुरुन्तै ओइलाइहाल्यो?" २१ येशूले जवाफ दिएर तिनीहरूलाई भन्नुभयो, "साँच्चै, म तिमीहरूलाई भन्दछु, तिमीहरूमा विश्वास छ र कहिल्यै शङ्का गरेनौ भने, अञ्जीरको बोटलाई जे गरियो त्यति मात्र होइन, तर यस डाँड़ालाई पनि 'उखेलिएर समुद्रमा खस' भन्यौ भने सो हुनेछ। २२ विश्वास गरेर प्रार्थनामा जे माग्छौ त्यो तिमीहरूले पाउनेछौ।"

येशूले अञ्जिरको रूखलाई दिनुभएको श्राप एक दृष्टान्तको रूपमा लिनुपर्दछ। त्यो यहूदी राष्ट्रका धेरैजसो अगुवाहरूलाई चेतावनी स्वरुप देखाइएको थियो। तिनीहरूले जे रोपेका थिए त्यही कटनी गरिरहेका थिए। यो दृष्टान्त सबै धार्मिक अगुवाहरूको बारेमा होइन भनेर हामीले सम्झनुपर्छ। धेरै अगुवाहरूले येशू मसीह हुनुहुन्छ भनेर स्वीकारेका थिए। "परमेश्वरको वचन फैलियो र यरुशलेममा धेरै चेलाहरूको संख्या बढे र धेरै पुजारीहरू येशूप्रतिको आस्थामा आज्ञाकारी बनेका थिए।" (प्रेरित ६:७ रूपान्तरित)। यद्यपि, यो जान्न पनि जरुरी छ कि जसरी अञ्जिरको रूखले फल फलाएन त्यसरी नै मन्दिरमा हुने सेवाकार्य पनि निकम्मा छिट्टै हुन गइरहेको थियो।

अञ्जिरको रूखलाई येशूले दिनुभएको श्रापले गर्दा त्यो रूख सुकेको थियो। यसले चेलाहरूलाई अत्यन्त स्तव्ध वा चकित बनाएको हुनुपर्छ। तिनीहरूले परमेश्वरको दयाको बारेमा अझै पाठहरू सिकिरहेका थिए। समाजबाट पिछ्डिएको वर्गहरूलाई परमेश्वरमा ल्याउने तरिकाहरू तिनीहरूले सिक्दै थिए। अरूलाई दया र करुणा देखाउने काम येशूले गर्नुभएको ती चेलाहरूले उहाँको सेवाकार्यभरि देखेका थिए। त्यही येशू त्यहाँ हुनुहुन्थ्यो जसले भन्नुभएको थियो कि उहाँ संसारलाई न्याय गर्न होइन तर उद्धार गर्न आउनुभएको हो भनेर घोषणा गर्नुभएको थियो। त्यही येशूले यो दावी गर्नुभएको थियो, "मानिसको पुत्र मानिसहरूको जीवन नाश गर्न होइन तर उद्धार गर्न आएको हो।" (लूका ९:५६ रूपान्तरित)। उहाँको प्रत्येक वचन र काम पतित मानव जातको उत्थानको निम्ति समर्पित भएको थियो। उहाँले मानिसहरूलाई आशा र उहाँमा नयाँ जीवन पाउने प्रतिज्ञामा औँल्याउनुभएको थियो। त्यसकारण रुखो भएर निर्णायत्मक कदम उहाँले चाल्दा चेलाहरू छक्क परेका थिए। त्यसैकारण उहाँले जे गर्नुभयो त्यसप्रति तिनीहरू अचम्भित भए भनेर मत्तीले लेखेका थिए।

निःसन्देह ढिलो वा चाँढो कतिपय मानिसहरूले परमेश्वरको दया र अनुग्रहलाई पूर्ण रूपमा अस्वीकार गर्नेछन् (उत्पत्ति ६:१३, १५:१६, १९:३४ र प्रकाश २२:११)। तर न्यायको काम वा को स्वर्गमा जान्छ वा को स्वर्गमा जाँदैन भन्ने फैसला परमेश्वरमा नै निहित भएकोले त्यस मामिलामा हस्तक्षेप नगर्न हामी कसरी सजग हुने?

## ४. पत्थर (मत्ती २१:३३-४६)

**मानौं यस संसारमा तपाईं केवल केही दिनहरूमात्र जिउनुहुन्छ रे, ती दिनहरूलाई तपाईंले कसरी उपयोग गर्ने? येशूको धेरै कामहरूमा उहाँले यस्ता कथाहरू भन्नुभएको थियो जसले गर्दा उहाँका श्रोताहरूमा गहिरो प्रभाव पारेका थिए।**

मत्ती २१:३३-४६मा येशूले भन्नुभएका केही अर्तीकथाहरू छन्। देहायमा दिएका विभिन्न चित्रणहरूले कसलाई प्रतिनिधित्व गर्दछ? हेर्नुहोस्:
"३३ "अर्को दृष्टान्त सुन। कोही एक जना गृहस्थी थिए, जसले एउटा दाखबारी लगाए, र त्यसको वरिपरि बार लगाएर त्यहाँ दाख पेल्ने एउटा कोल राखे, र एउटा मचान बनाए। तब मोहीहरूलाई त्यसको ठेक्का दिई उनि परदेश लागे। ३४ जब फलको समय नजिक आयो, उनले मोहीहरूकहाँ फलको आफ्नो हिस्सा माग्न नोकरहरू पठाए। ३५ "तर मोहीहरूले उनका नोकरहरूलाई समाती एउटालाई पिटे, अर्कालाई मारे, र अर्कालाई ढुङ्गाले हाने। ३६ फेरि उनले अघिको भन्दा बढ़ी नोकरहरू पठाए, र तिनीहरूले यिनीहरूसँग पनि त्यस्तै व्यवहार गरे। ३७ 'मेरो छोरालाई त तिनीहरूले आदर गर्लान्' भन्ने सोचेर, अन्त्यमा उनले आफ्नो छोरालाई तिनीहरूकहाँ पठाए। ३८ "तर मोहीहरूले छोरालाई देखेर आपसमा भने, 'यो त उत्तराधिकारी हो। आओ, त्यसलाई मारौं, र त्यसको उत्तराधिकार हात पारौं।' ३९ तब तिनीहरूले तिनलाई समातेर दाखबारी बाहिर लगे र तिनलाई मारे। ४० "यसकारण जब दाखबारीका मालिक आउँछन्, तब उनले ती मोहीहरूलाई के गर्लान्?" ४१ तिनीहरूले उहाँलाई भने, "उनले ती दुष्टहरूलाई सर्वनाश गर्नेछन्, र दाखबारी अरू मोहीहरूलाई ठेक्कामा दिनेछन्, जसले उनलाई फलको हिस्सा समयमा बुझाउनेछन्।" ४२ येशूले तिनीहरूलाई भन्नुभयो, "के तिमीहरूले कहिल्यै धर्मशास्त्रमा पढ़ेनौ? 'जुन ढुङ्गालाई भवन निर्माण गर्नेहरूले रद्द गरे त्यहीचाहिँ कुनाको शिर-ढुङ्गो बन्यो, यो परमप्रभुबाट भएको हो, अनि हाम्रो दृष्टिमा यो आश्चर्यमय छ।' ४३ "यसैकारण म तिमीहरूलाई भन्दछु, परमेश्वरको राज्य

तिमीहरूबाट खोसिनेछ, र एउटा यस्तो जातिलाई दिइनेछ, जसले त्यसको फल फलाउँछ। ४४ यस ढुङ्गामाथि खस्नेचाहिँ टुक्रा-टुक्रा हुनेछ, तर जसमाथि त्यो ढुङ्गा खस्छ, यसले त्यसलाई किच्नेछ।" ४५ जब मुख्य पूजाहारीहरू र फरिसीहरूले उहाँका दृष्टान्त सुने, तब तिनीहरूकै विषयमा उहाँले यो भन्नुभएको हो भन्ने बुझे। ४६ तिनीहरूले उहाँलाई समात्न खोजे, तर तिनीहरू भीड़सँग डराए, किनभने मानिसहरूले उहाँलाई एक अगमवक्ता हुन् भनी ठान्थे।"

जमिन्दारः ----------

किसानः -------------

खेताला वा नोकरहरूः ----------------

पुत्रः -------------------

**येशूले भजन ११८:२२,२३ उदृध गर्नुभएको थियो। पत्थरलाई तिरस्कृत गरेको भविष्यवाणीलाई उदृध गर्दै येशूले इस्राएलको इतिहासमा घटेको कथा मानिसहरूलाई याद दिलाउनुभएको थियो। त्यो घट्ना पहिलो मन्दिरको निर्माणसँग सम्बधित थियो। जब सोलोमन राजाले मन्दिरको निर्माण गरे त्यसबेला पर्खाल र जगको निम्ति भयङ्कर ठूला ठूला ढुङ्गाहरू जहाँबाट ल्याइन्थ्यो त्यहीं नै फोरेर ल्याइन्थ्यो। जब ती ढुङ्गाहरू निर्माणस्थलमा ल्याइन्थ्यो तब तिनीहरूलाई छाँटकाट गर्न कुनै औजार पनि प्रयोग गरिँदैनन्थ्यो। त्यसबेला कुनै हथौडाको प्रयोग हुँदैनथ्यो र पत्थर फुटाएको आवाज निकालिन्दैनथ्यो। काम गर्नेहरूले ती पत्थरहरू केवल आफ्नो आफ्नो ठाउँमा मात्र राख्दथे। एक फेरा जगको निम्ति एउटा ठूलो ढुङ्गा ल्याएको थियो। तर डकर्मीहरूले त्यो काम नलाग्ने देखेर त्यसलाई पन्छाएका थिए। त्यो बेकारको भएर बसेकोले डकर्मीहरूले त्यसप्रति झर्को मानेका थिए। त्यो पत्थर धेरै समयसम्म पन्छिएर बसे। "तर जब निर्माणकर्ताहरूले कुनामा राख्न ठिक आकार, बलियो र ठ्याक्कै मिल्ने पत्थर खोजे धेरै समयसम्म तिनीहरूले पाएका थिएनन्। फेरि त्यो पत्थर त्यस्तो हुनुपर्थ्यो जहाँमाथि धेरै गऱ्हौं भारी बसाल्न सक्थ्यो।.....आखिरमा धेरै समयसम्म तिरस्कृत ढुङ्गोमाथि ती निर्माणकर्ताहरूको आँखा पऱ्यो।...त्यो ढुङ्गो तिनीहरूको निम्ति ठिक्क भएको भेट्टाए र चाहिने ठाउँमा ल्याइए। त्यो ढुङ्गो कुनामा ठिक्क मिल्ने भएकोले त्यसलाई त्यहीं स्थापना गरियो।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज्, पृ. ५९८बाट रूपान्तरित।**

मत्ती २१:४४ फेरि पढ्नुहोस्। त्यहाँ उल्लेख गरेको पत्थरको बारेमा बिभिन्न धारणाहरू प्रस्तुत गर्न सकिन्छः एक त त्यस पत्थरमा पर्नु र आफ्नो हृदयलाई छियाछिया पार्नु। अर्कोचाहीँ त्यही पत्थर तपाईंमा खसेर तपाईंलाई छियाछिया पार्नु। ती दुईको बीचमा के उल्लेखनीय भिन्नता छ? (हेर्नुहोस् भजन ५१:७ र दानिएल २:३४)।

## ५. अनुग्रहको मोल (मत्ती २२:१-१५)

**हामीहरूलाई प्रेमिलो परमेश्वरले सृष्टि गर्नुभएको हो र यस संसारको पाप र मृत्युको धरापबाट उम्किन उहाँले बाटो बनाउनुभएको छ भन्ने महान् सुसमाचार बाइबलको छ। त्यो बाटो येशूले क्रुसमा आफ्नो ज्यान दिएर तयार गर्नुभएको थियो। यो मूल विषयवस्तु बाइबलभरि कुनै न कुनै तरिकाले देखापरेको छ। बिषेश गरेर देहायको अर्तीकथामा हामी देख्न सक्छौं।**

मुक्ति भनेको हामीहरूले गर्ने कुनै धर्मकर्म वा परोपकारी कामबाट होइन तर विश्वास वा येशूमा आस्था राखेर मात्र पाइन्छ भनेर मत्ती २२:१-१५ले कसरी बताउँछ?, हेर्नुहोस् "१ येशूले फेरि तिनीहरूलाई दृष्टान्तहरूमा भन्नुभयो, २ "स्वर्गको राज्यलाई एक जना राजासँग तुलना गर्न सकिन्छ, जसले आफ्नो छोराको विवाह-भोज तयार गरे, ३ र भोजमा निमन्त्रित व्यक्तिहरू बोलाउन भनी आफ्ना नोकरहरू पठाए, तर तिनीहरूले आउन मन गरेनन्। ४ "फेरि तिनले अरू नोकरहरूलाई यसो भनेर पठाए, "निमन्त्रित व्यक्तिहरूलाई भन, हेर, मैले मेरो भोज तयार गरेको छु, मेरा गोरुहरू र मोटा-मोटा पशुहरू मारिएका छन्, र सब चीजहरू तयार छन्। विवाह-भोजमा आउनुहोस्।' ५ "तर तिनीहरूले वास्तै नगरी एउटा आफ्नो खेतबारीतिर, अर्को आफ्नो व्यापारतिर लागे। ६ बाँकीचाहिँले तिनका नोकरहरूलाई पक्रेर तिनीहरूसँग दुर्व्यवहार गरे र तिनीहरूलाई मारे। ७ तब राजा क्रोधित भए, र आफ्ना फौजहरू पठाईकन ती हत्याराहरूलाई नाश गरे, र तिनीहरूको सहर जलाइदिए। ८ "तब तिनले आफ्ना नोकरहरूलाई भने, 'विवाह-भोज तयार छ, तर निम्त्याइएकाहरू योग्य भएनन्। ९ यसकारण तिमीहरू सड़कहरूमा जाओ, र जतिलाई भेट्टाउँछौ तिनीहरूलाई विवाह-भोजमा निम्तो देओ।' १० तब ती नोकरहरूले सड़कहरूमा गएर भेट्टाएका सबैलाई, दुष्ट र असल दुवैलाई, जम्मा गरे, र विवाह-घर पाहुनाहरूले भरियो। ११ "तर जब राजा पाहुनाहरूलाई हेर्न भनी भित्र आए, तब तिनले विवाहको पोशाक नलगाएको एक जना मानिसलाई देखे। १२ तिनले त्यसलाई सोधे, 'मित्र, विवाहको पोशाक नपहिरी तपाईं कसरी

यहाँ भित्र आउनुभयो?' त्यो निरुत्तर भयो। १३ "तब राजाले सेवकहरूलाई भने, 'त्यसका हात-खुट्टा बाँधेर त्यसलाई बाहिरी अन्धकारमा फालिदेओ, जहाँ मानिसहरू रुनेछन् र दाह्रा किट्नेछन्।' १४ किनभने बोलाइएका धेरै छन्, तर चुनिएका थोरै छन्।" १५ तब फरिसीहरू गएर उहाँकै कुरामा उहाँलाई कसरी फसाउने भनी मतो गरे।"

उपरोक्त अर्तीकथामा उल्लेख गरिएका सत्यहरू तितो र क्रुर देखिन्छन्। तर त्यसमा भएको विषयवस्तुहरू महत्त्वपूर्ण छ भनेर जान्नु जरुरी छः प्रत्येक मानिसको सामु अनन्त जीवन वा अनन्त नाश तेर्स्याइएको छ। यदि छैन भने जीवनको अर्थ के नै छ र?

मानव जातिको मुक्तिको निम्ति परमेश्वरले चुकाउनुभएको मोल क्रुसमा हामीले हेरेर बुझ्न सक्यौं भने के होला? त्यतिमात्र होइन पापको विषयवस्तु कतिको गहिरो र ठूलो छ भनेर क्रुसमा भएको बलिदानलाई हेरेर बुझ्न सक्यौं भने पापप्रति हामीहरूको धारणा कस्तो हुने होला? हेर्नुहोस्, पापले गर्दा परमेश्वर अत्यन्त क्रोधित हुनुभएको थियो र त्यसबाट ल्याउने सजायँको पूरा भागिदार अनन्तको त्रीएक परमेश्वरको एक परमेश्वर आफैले भोग्न तयार हुनुभएको चर्चा कुनै मामुली होइन। त्यो भन्दा गम्भिर मामिला अरू केही हुनसक्दैन। यो बिषयबस्तु हामीहरूले परमेश्वरको राज्यमा अनन्तसम्म अध्ययन गरिरहनेछौं।

येशूले भन्नुभएको अर्तीकथामा धेरै कडा शब्दहरू प्रयोग गरिएका छन्। बिवाहको भोजमा सबैलाई सरिक गराउन परमेश्वरले सबै थोक तयार गर्नुभएको थियो (प्रकाश १९:७)। बिबाहलाई सफलतापूर्वक सम्पन्न गराउन आवश्यक सबै सामग्रीहरू कुनै मूल्यलाई ख्याल नगरि यसरी तयार गरेका थिए कि त्यसको व्याख्या अरू कुनै अर्तीकथाले दिन सक्दैन्यो। तर बिबाह भोजको निम्ति निमन्त्रणा पाउनेहरूले त्यसलाई चानचुने ठानेर त्यसको वेवास्ता गरेका थिए र भोजमा सरिक नभएर आआफ्नै काममा व्यस्त भएका थिए। त्यतिमात्र होइन कतिले त हार्दिक निमन्त्रणा दिन आउनेहरूलाई बेइज्जत गरे र तिनीहरूको हत्या पनि गरे। त्यस परिप्रेक्ष्यमा परमेश्वर क्रोधित हुनुभएकोमा अचम्म मान्नुपर्दैन। (याद गर्नुहोस्ः परमेश्वरको थुमाको बिबाहको भोज तयार गरिनेछ भनेर प्रकाशको पुस्तकले बताउँछ (प्रकाश १९:७) र निमन्त्रणा लिएर आउनेहरू उहाँका विश्वासी जनहरू हुन् जसलाई कतिपयले बेइज्जत गर्दछन् र मार्दछन् पनि)।

राजकुमारको बिबाहमा पहिला निमन्त्रणा नगरिएका सर्वसाधारण जनताहरूलाई सरिक गराउँछन् तर तिनीहरू सबैलाई बिशेष पोशाक पहिरन दिएको थियो। त्यसको अर्थ के हो? प्रकाश १९:८मा यसरी लेखिएको छ " चहकिलो र स्वच्छ मलमलको वस्त्र पहिरन तिनलाई दिइयो।" चहकिलो मलमलको वस्त्र सन्तहरूका धार्मिक कार्य हुन्।"

**बिबाहको भोजमा दिएको पोशाकले ख्रीष्टको धार्मिक जीवन देखाउँदछ। सन्तहरूको जीवन र आचरणबाट येशूको धार्मिकता देखाएको हुन्छ। भोजमा त सरिक भए तर राजाले दिएको पोशाक लगाउन अस्वीकार गरेका ती इसाईहरू हुन् जसले मुक्तिको अधिकार, सम्मान र अनुग्रहको दावी गर्दछन् तर सुसमाचारको प्रभावले तिनीहरूको चरित्रलाई परिवर्तन गराउन दिन अस्वीकार गर्दछन्। जसले निमन्त्रणालाई स्वीकार्दछ त्यसलाई ठूलो मूल्यको उपहार दिइएको थियो। परमेश्वरको राज्यमा पस्न केवल चर्चको ढोकामा देखापर्नमात्र पुग्दैन भनेर त्यस दृष्टान्तले देखाउँछ।**

## उपसंहारः

थप जानकारीः **एक दिन बिलायतको राजधानी लन्डनमा एक समाचारपत्रमा यो खबर निकालेको थियोः "एक जना महिला आफू बहालमा बसेको कोठामा तिन वर्षसम्म मरेकी भेट्टाए। टेलीभिजन चलिरहेको अवस्थामा ती ज्यायस नाम गरेकी महिला सोफामा मरिरहेकी थिइन्। त्यो कथा देहायको वेवसाइटमा छः**

(www.theguardian.com/film/2011/Oct/09/joyce-vincent-death-mystery-documentary)।

तिन वर्षसम्म लन्डनको कोठामा तिनी मरेर बसी तर कसैले पनि उनको बारेमा वास्ता गरेको थिएन। कसैले पनि उनि कस्तो छ भनेर फोन समेत गरेन। यस संसारमा सबै किसिमको संचारमाध्यम भएको परिप्रेक्ष्यमा त्यो कसरी भयो? जब समाचार पहिलो निस्कियो त्यसले अन्तराष्ट्रिय जगतमा सनसनी फैलाएको थियो। लन्डनका मानिसहरू अत्यन्त निशव्ध भए। त्यतिका वर्षसम्म तिनी कसरी मरेर बसी र कसैलाई थाहा पाएन? तर यथार्थमा भन्ने हो भने सुसमाचारको प्रतिज्ञा र आशा बिना र हामीहरूको मुक्तिको निम्ति परमेश्वरले चुकाउनुभएको ठूलो मोलको आत्मज्ञान बिना हामी सबै त्यस महिलाको जस्तो गती हुन निश्चित छ। तर हामीहरूको अवस्था त्यो भन्दा नाजुक हुनेछ। हामीहरूको मृत्युलाई न त तिन वर्ष न त तिन खर्ब वर्षपछि कसैले भेट्टाउने छ। आजका वैज्ञानिकहरूले यो निश्कर्ष निकालेका छन् कि

ढिलो वा चाँडो यस जगत तातो भएर पग्लिएर जानेछ र त्यसमा भएका सबै थोकहरूको सदाको निम्ति अन्त हुनेछ। तर क्रुसले त्यो धारणा गलत छ भनेर हामीलाई भन्दछ। सदाको निम्ति मेटिनेको सट्टा हामीलाई अनन्त जीवनको प्रतिज्ञा दिइएको छ। त्यतिमात्र होइन हामीलाई नयाँ स्वर्ग र नयाँ पृथ्वीको उपभोग गर्न पाउनेछौं भनेर पनि बाइबलमा कबूल गरिएको छ। हाम्रो सामु त्यस महान्, गौरबशाली र अचम्मको भविष्य छ भने येशूले दिनुभएको उपहारलाई निकम्मा ठान्न लगाउन कुनै तत्व पनि हाम्रो अगाडि आउन दिनुहुन्न भनेर हामीले कसरी सिक्ने?

**चिन्तनमनन:**

**अ.** **सदाको निम्ति अन्तिम मृत्यु कतिको कडा छ सो सोच्नुहोस्। यस मृत्युलाई पन्छाउन हजारौं वर्षसम्म मानिसहरूको प्रयास किन बेकारको छ भनेर पनि सोच्नुहोस्। हामीहरूको आफ्नो मुर्दालाई बचाउन हामी भरमग्दुर प्रयत्न गरौंला। तर त्यो केवल बिग्रन लागेको कारमा रङ्गले पोत्नुमात्र हो। त्यसैकारण हामीहरूलाई उद्धार गर्न र हामीहरूको निम्ति मृत्युमाथि बिजय पाउन परमेश्वरको पुत्रको मृत्यु र पुनरुत्थान जस्तो अचम्मको काम परमेश्वरबाटनै तय भएको थियो। हामीले गरिने सबै आशा र विश्वासको केन्द्रविन्दु क्रुसको महत्त्वलाई हामीले कसरी लिने?**

**येशूको धार्मिकता पहिरनु भनेको अर्थलाई गहिरिएर सोच्नुहोस्। परम्परावादी र सस्तो अनुग्रह अर्थात् विश्वासमात्र गरेपुग्छ हामीले हामीहरूको चरित्रलाई परिवर्तन गर्न आवश्यकता छैन भन्ने तत्वमा नफस्न हामीहरूको दिमागलाई कसरी संतुलनमा राख्ने? र ती दुवै धरापमा नपर्न जरुरी छ भनेर हामी कसरी सतर्क भएर बस्ने?**